मिति २०७२।०५।१४ गते सोमबारका दिन नेपाल सरकारका मुख्य सचिव डा.श्री सोमलाल सुवेदीज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवहरुको बैठक बसी देहायबमोजिम छलफल/निर्णयहरु गरियो ।

क.सं	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समयसीमा
१.	मिति २०७२ श्रावण २१ गते मुख्य सचिवको अध्यक्षतामा बसेको सचिव बैठकले तोकेको समयावधी भित्र हरेक मन्त्रालय/ केन्द्रिय निकायहरुले तीन बर्षभित्रमा गर्ने सुधारको कामको Immediate Action Plan पठाउन बाँकी निकायहरुले प्र.म तथा म.पको कार्यालयको शासकीय सुधार महाशाखामा पठाउने।	सम्बद्ध सबै मन्त्रालय/ निकायहरु	-	शासकीय सुधार महाशाखा, प्र.म.तथा म.प.को कार्यालय	२०७२ भाद्र २० गतेसम्म
२.	दुर्गम क्षेत्र र Front line service points मा काम गर्ने कर्मचारीहरुको दरवन्दी रिक्त नहुने गरी पदपूर्ति गर्ने कामलाई प्राथमिकतामा राखी कर्मचारीहरुको सरुवा गर्ने ।दुर्गम क्षेत्रमा कर्मचारीहरुको सहज रुपमा पदस्थापना/सरुवा भई जाने वातावरण तयार गर्ने गरी नीतिगत संवोधन हुने गरी आगामी निजामती सेवा ऐनको संशोधन प्रस्तावमा समावेश गर्ने ।	सबै मन्त्रालय/केन्द्र/ कार्यालय/आयोग /सचिवालय	सामान्य प्रशासन मन्त्रालय	शासकीय सुधार महाशाखा, प्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर
३.	लेखा समूहका कर्मचारीको दरबन्दी समेत समावेश हुने गरी सम्बन्धमा O and M गर्दा महालेखा नियन्त्रकको कार्यालयको प्रतिनिधीको अनिवार्य सहभागी गराउने ।	सामान्य प्रशासन मन्त्रालय, म.ले.नि.का	अर्थ मन्त्रालय	शासकीय सुधार महाशाखा महाशाखाप्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर
४.	हेलो सरकार मार्फत प्राप्त गुनासाहरुको उच्च प्राथमिकताका साथ फछ्र्यौट गर्ने र त्यसको प्रगति हरेक निकायका अनुगमन महाशाखा प्रमुखले Focal Point सँग समन्वय गरी मासिक प्रगति पठाउने व्यवस्था मिलाउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	सामान्य प्रशासन मन्त्रालय	शासकीय सुधार महाशाखा, प्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर
५.	आगामी दिनमा विभागीय प्रमुख छनौट जेष्ठता, कार्यदक्षता र कार्यक्षमताका आधारमा गरी कार्यसम्पादनमा उत्तरदायी बनाउन कार्यसम्पादन संझौता गरेर मात्र विभागीय प्रमुखको जिम्मेवारी दिने व्यवस्था मिलाउने । विभागीय प्रमुखको सरुवा/पदस्थापनमा सहमति दिदाँ सामान्य प्रशासन मन्त्रालयले कार्यसम्पादन संझौताको मस्यौदा सहित प्राप्त भएमा मात्र सहमती दिने व्यवस्था गर्ने।विभागीय प्रमुखले सम्बन्धित मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गर्ने ।	सबै मन्त्रालयहरु	सामान्य प्रशासन मन्त्रालय	व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा, प्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर
६.	कार्यालय प्रमुखहरु एवं आयोजना प्रमुखहरुको सरुवा तथा पदस्थापन गर्दा जेष्ठता र कार्यक्षमताका आधारमा गर्ने । यसै आ.ब देखि लक्ष्य तोकिएका र कार्य मापन गर्न सकिने प्रकृतिका कार्यालय/आयोजना प्रमुखसँग विभागीय प्रमुखले कार्यसम्पादन करार गरी कार्यसम्पादन गर्ने व्यवस्था गर्ने र कार्यसम्पादन करार बमोजिमको नतिजालाई समेत सम्बन्धित कर्मचारीको अर्धबार्षिक र वार्षिक कार्यसम्पादन मूल्याङकनको आधार मानी मूल्याङकन गर्ने ।	सबै विभागीय प्रमुखहरु	सबै मन्त्रालयहरु र सामान्य प्रशासन मन्त्रालय	व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा, प्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर
७.	प्राथमिकता प्राप्त आयोजनाहरुमा काम गर्ने आयोजना प्रमुख, लेखा प्रमुख, र अन्य जिम्मेवार कर्मचारीहरुलाई निजको कार्यसम्पादनस्तर ८० % भन्दा माथि रहेमा आयोजना अवधिभर सरुवा नगर्ने व्यवस्था सबै निकायले मिलाउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	सामान्य प्रशासन मन्त्रालय	अनुगमन महाशाखा प्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर

मुख्य सचिव

८.	रा.प तृतीय श्रेणी (शाखा अधिकृत) र सो भन्दा माथिल्लो तहको निजामती कर्मचारीले सम्पादित कामको मासिक प्रगति महिना व्यतित भएको ७ दिन भित्र सम्बन्धित सुपरीवेक्षक समक्ष पेश गर्ने। त्यसरी पेश गरेको प्रतिवेदनलाई कार्यसम्पादन मूल्याङकनको आधार मान्ने । यस्तो व्यवस्था सार्वजनिक संस्थान लगायतका राष्ट्रसेवक कर्मचारीहरुलाई पनि सम्बन्धित मन्त्रालयले गराउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	सामान्य प्रशासन मन्त्रालय	शासकीय सुधार महाशाखा प्र.म.तथा म.प.को कार्यालय	तत्काल र निरन्तर
९.	मूल्याङ्कन प्रक्रियामा रहेका र शहरी विकास मन्त्रालयलाई हस्तान्तरण गरिसकिएका सवारी साधनहरु शहरी विकास मन्त्रालयले र बाँकी सम्पूर्ण सवारी साधनहरु सम्बन्धित निकायहरुले नै प्रचलित कानुन बमोजिम लिलाम प्रक्रिया अगाडी बढाई त्यस्ता पुराना सवारी साधनहरु लिलाम गरिसक्ने र तत्पश्चात प्रत्येक निकायले त्यस्ता पुराना सवारी साधन प्रत्येक बर्ष लिलाम गर्ने व्यवस्था मिलाउने।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	-	व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा प्र.म.तथा म.प.को कार्यालय	१५ दिनभित्र
१०.	प्रत्येक निकायहरुबाट सम्पादन भएका कामहरुको मासिक प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको ढाँचामा प्रत्येक महिनाको ७ गते भित्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पठाउने व्यवस्था मिलाउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	सामान्य प्रशासन मन्त्रालय	शासकीय सुधार महाशाखा प्र.म.तथा म.प.को कार्यालय	निरन्तर
११.	निजामती सेवा ऐन (पाँचौं संशोधन) मा सुझाब भएमा सामान्य प्रशासन मन्त्रालयलाई सुझाव दिने	सामान्य प्रशासन मन्त्रालय	सबै मन्त्रालय/ आयोग/ सचिवालय/ केन्द्र/	कानुन महाशाखा, प्र. म. तथा मं. प.को कार्यालय	तत्काल
१२.	निजामती सेवा ऐन र नियमावलीमा भएका कतिपय कार्यान्वयन हुन बाँकी व्यवस्थाहरु सामान्य प्रशासन मन्त्रालयले पहिचान गरी कार्यान्वयन प्रक्रिया आरमभ गर्ने ।	सामान्य प्रशासन मन्त्रालय	-	शासकीय सुधार महाशाखा, प्र.म.तथा म.प को कार्यालय	निरन्तर
१३.	राष्ट्रिय प्रतिकार्य ढाँचा, २०७० बमोजिमको कार्ययोजना पठाउन बाँकी निकायहरुले कार्ययोजना बनाई गृह मन्त्रालयमा पठाउने ।उक्त ढाँचाका विषयमा गृह मन्त्रालयले पुन:एकपटक सम्वन्धित निकायहरुलाई ताकेता पत्र पठाउने ।	गृह मन्त्रालय	सबै मन्त्रालय/आयोग/ सचिवालय /केन्द्र/ कार्यालय	शासकीय सुधार महाशाखा प्र. म. तथा मं. प.को कार्यालय	तत्काल
१४.	आ-आफ्नो निकायबाट प्रदान गरिने सेवाका सम्बन्धमा सेवाग्राहीहरुलाई जानकारी दिन Audio Notice Board को उपयोगलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने/गराउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	-	व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा प्र. म. तथा मं. प.को कार्यालय	निरन्तर
१५.	संक्रमणकालीन अवस्थामा कर्मचारी व्यवस्थापन गर्ने विषयमा सवै निकायले आ-आफ्नो राय/ सुझाव सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	-	व्यवस्थापन तथा जनशक्ति विकास महाशाखा प्र. म. तथा मं. प.को कार्यालय	२०७२ भाद्र १८ गतेभित्र
१६.	सरकारी तथा सार्बजनिक जग्गा संरक्षण लगायतका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समयसमयमा भएका निर्णय तथा निर्देशनहरु कार्ययोजना बनाई कार्यान्वयन गर्ने र सो को नियमित प्रगती प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकीय सुधार महाशाखामा पठाउने ।	सबै मन्त्रालय/आयोग / सचिवालय /केन्द्र/ कार्यालय	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	शासकीय सुधार महाशाखा प्र. म. तथा मं. प.को कार्यालय	तत्काल